राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक १४० | २०८२ माघ २० गते मंगलवार | (Tuesday, 3 Feb., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

**प्रतिनिधिसभा निर्वाचन**

# मधेश प्रदेशकै राजधानीमा चर्चा मुर्झाएको मधेसवादी दल

**द पब्लिक टुडे समाचारदाता**
**जनकपुरधाम, माघ १९ गते ।**
मधेस प्रदेशको राजधानी सहर हो – जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाको आधा भूभाग धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा पर्छ । तर मधेस प्रदेशको यही केन्द्रमा यसपटक मधेसवादी दलहरूको चुनावी चर्चा मुर्झाएको अवस्थामा छ ।

२०७४ को निर्वाचनमा राष्ट्रिय जनता पार्टी (राजपा) का राजेन्द्र महतोलाई जिताएर पठाएको यो क्षेत्रमा २०७९ मा नेकपा एमालेकी जुलीकुमारी महतोले जितेकी थिइन् ।

२०७४ मा धनुषा-३ बाट राजपाका राजेन्द्र महतो ३० हजार ७५० मतसहित विजेता बन्दा कांग्रेस नेता विमलेन्द्र निधिले २७ हजार ८४७ मत मात्र पाएका थिए । त्यस बेला एमालेले अघोषित रूपमा महतोलाई सघाएको थियो ।

त्यस्तै, २०७९ को निर्वाचनमा एमालेकी जुलीकुमारी महतो ३३ हजार ३८८ मत ल्याएर विजेता बन्दा लोसपाका अनिलकुमार झा २३ हजार ६८६ मत पाएर दोस्रो बनेका थिए । जनमत पार्टीका शम्भुनाथ साह ७ हजार ३७४ मतसहित तेस्रो भएका थिए ।

२०७९ मा अनिल र शम्भुनाथले पाएको मतले देखाउँछ – तीन वर्ष अघिको चुनावसम्म धनुषा-३ मा मधेसवादी दलहरू टक्कर दिनसक्ने अवस्थामै थिए ।



फागुन २१ को निर्वाचनका सन्दर्भमा भने यो क्षेत्रमा मधेसवादी दलहरूको चर्चा पूरै सेलाएको अवस्था छ । धनुषा-३ मा यसपटक मुख्य प्रतिस्पर्धा नेकपा एमाले, नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बीच हुने चर्चा छ ।

मधेस प्रदेशको केन्द्रमै मधेसवादी दलहरू यसरी रक्षात्मक अवस्थामा किन र कसरी पुगे ? हामीले यसबारे नागरिक आन्दोलनका एक जना अभियानी अनुभव अजितसँग कुराकानी गरेका छौं ।

लामो समयदेखि मधेससहित विभिन्न प्रदेशमा संघीयता कार्यान्वयनको अध्ययन गरिरहेका अनुसन्धाता उनी एक वर्षभन्दा बढी समयदेखि जनकपुरमै बसेर 'रिसर्च' गरिरहेका छन् ।

उनका अनुसार मधेसमा यसपटक मधेसवादी दलहरूको चुनावी चर्चा सेलाउनुका केही कारण छन् ।

'पहिलो कुरा त उनीहरू छिन्नभिन्न अवस्थामा पुगेर शक्ति क्षयीकरण भएको अवस्था छ ,' उनले भने , 'मधेसवादी दलहरू जसरी छिन्नभिन्न भए , त्यसले जनतामा आशाभन्दा निराशा बढायो । सत्तामोहका अघि सबैजसो मधेसवादी दलहरू लोभिए तर डेलिभर केही गर्न सकेनन् । उनीहरू अवसरवादी हुन् भन्ने छाप सबैतिर फैलियो ।'

त्यसबाहेक यसअघि गरेका वाचा अनुसार काम गर्न विफल बनेका मधेसवादी दलहरूले प्रदेश तहबाट गर्न सकिने काममा पनि राम्रो परिणाम दिएनन् ।

'त्यस्तै नेतृत्वमा नयाँ र आशालाग्दो अनुहार आउनै सकेनन् ,' अजितले भने , 'यिनै कारणले मधेसको केन्द्रमै यसपटक मधेसवादी दलहरूको उत्साह खासै देखिन्न ।'

मधेसको केन्द्रमै यसरी क्षेत्रीय दल मुर्झाएका बेला कांग्रेस, एमाले, रास्वपा सहितका दलहरूले भने धेरै जोडबल लगाइरहेको उनको भनाइ छ ।

मधेसका ८ जिल्लामा कुल ३२ निर्वाचन क्षेत्र छ । देशभरकै सबभन्दा धेरै मतदाता मधेसमा छन् । त्यही भएर दलहरूले पनि मधेसलाई प्राथमिकतामा राखेका छन् ।

कांग्रेस सभापति गगन थापा यसपटक भावी प्रधानमन्त्रीको उम्मेदवार बनेर सर्लाही-४ बाट चुनावी परीक्षा दिँदैछन् ।

एमाले, नेकपा, रास्वपा लगायतका दलहरूले पनि दलका स्थापित र चर्चित अनुहारहरू मधेसमा उभ्याएका छन् ।

रास्वपाले वरिष्ठ नेता बालेन शाहलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सार्दै पहिलो कार्यक्रम नै मधेसको जनकपुरबाट थालेको थियो ।

२०७९ मा मधेसबाट सबभन्दा कम मत पाएको रास्वपा बालेन 'फ्याक्टर' का कारण मधेसमा बलियो हुने आशामा छ ।

अर्कातिर, सभापति स्वयं मधेस झरेपछि आफ्नो पुरानो विरासत फर्काउन सकिने विश्वासमा कांग्रेस छ ।

पछिल्लो निर्वाचनमा पहिलेभन्दा उल्लेख्य नतिजा ल्याएर मधेशमा 'कमब्याक' गरेको एमाले पनि आफ्नो शक्ति बढ्ने अपेक्षामै छ ।

चुनावी सफलताका लागि यसरी आ-आफ्नो

*- बाँकी पृष्ठ ३ मा*

## किसानबाट चार करोड मूल्य बराबरको धान खरिद

**धनुषा, माघ १९ गते ।**
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, मधेस प्रदेश कार्यालय जनकपुरधामले विगत दुई महिनामा किसानबाट रु चार करोड सात लाख ६४ हजार २९० मूल्य बराबरको धान खरिद गरेको जनाएको छ ।

कार्यालयका अनुसार महोत्तरी र धनुषा जिल्लाका २४० किसानबाट हालसम्म ११ हजार २३५ क्विन्टल सोना मन्सुली धान खरिद गरिएको हो । प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसाको दरले ११ हजार २३५ क्विन्टल धान खरिद गरिएको कार्यालयका प्रादेशिक प्रमुख निर्मल थापाले बताए ।



गत मङ्सिर २८ गतेदेखि धान खरिद सुरु गरिएको र हालसम्म सो परिमाणको धान खरिद भइसकेको कार्यालयका प्रमुख थापाले बताए । उनका अनुसार यस वर्ष धान बिक्रीका लागि धनुषा र महोत्तरीका ठूलो सङ्ख्यामा किसानले कार्यालयमा नाम दर्ता गराएको छ । बजार मूल्यभन्दा यस कार्यालयबाट धान खरिद मूल्य बढी भएकाले धान बिक्री गर्ने किसान आउने क्रम बढेको उनको भनाइ छ ।

बजारमा रु ३ हजार प्रतिक्विन्टल धान खरिद बिक्री भइरहेको छ । कम्पनीले प्रतिकिसान अधिकतम ५० क्विन्टलसम्म धान खरिद गर्दै आएको भए पनि स्थानीय तहको सिफारिसका आधारमा केही किसानबाट

*- बाँकी पृष्ठ ३ मा*

## निलम्बित सांसद सिंहको भ्रष्टाचार मुद्दामा साक्षी बुझ्ने आदेश

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ १९ गते ।**
मधेस प्रदेशका निलम्बित सांसद सरोज कुमार सिंहसहितको भ्रष्टाचार मुद्दामा साक्षी बुझ्ने आदेश भएको छ ।

सोमबार विशेष अदालतका न्यायाधीशद्वय नारायणप्रसाद पौडेल र विदुर कोइरालाको इजलासले साक्षी प्रमाण बुझ्ने आदेश दिएको हो ।

मधेस प्रदेशका पूर्व राज्यमन्त्रीसमेत रहेका सरोज कुमार सिंहविरुद्ध ३८ लाख ५० हजार ३ सय १९ रुपैयाँ बिगो मागवादी गरिएको छ ।

उपभोक्ता समितिको खाताहरूमा जम्मा दाखिला भएको रकम आफ्नो स्वकीय सचिव विनोद कुमार लाल कायस्थ मार्फत झिक्न लगाई उक्त रकम आफ्नो र श्रीमतीको नाममा रहेको संयुक्त खातामा जम्मा दाखिला गरेर हिनामिना गरेको अभियोगमा सिंहसहित १६ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको थियो ।

सिंहसहित रमेश मडर, अमलेश कुमारी, दिपाराज देवी राजपूत, भिखारी राउत कुर्मी, भूपेन्द्र कुमार झा, मञ्जु देवी पासमान, रामनाथ सहनी, स्वीकृति देवी भन्ने स्वीकृति देवी, रामशरण खत्वे,बिभा देवी खत्वे, शम्भु कुमार मंडल, योगिन्द्रर महतो, सुनयना कुमारी, यमुना प्रसाद महतो र कौशिल्या देवीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको थियो ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

# उपेन्द्र, राजेन्द्र र सीके : मधेशकेन्द्रित दलका ३ वटै अध्यक्ष छैनन् ढुक्क







**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ १९ गते ।**

उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र महन्थ ठाकुरको लोकतान्त्रिक-समाजवादी पार्टीबीचको एकीकरण, अशोक राईको जसपा, राजेन्द्र महतोको राष्ट्रिय मुक्ति पार्टी र रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टी, नेपालले साझा जाँतो (चकिया) चिह्नको साझेदारीसँगै यसपटकको निर्वाचनमा मधेशकेन्द्रित भनिने दलहरूको संख्या साँघुरिएको छ ।

अशोक राई उम्मेदवार छैनन् भने कैलाली-१ मा रेशम चौधरीको उम्मेदवारी खारेज भयो । अब मधेशकेन्द्रित भनिने तीन दलका अध्यक्ष जसपा नेपालका उपेन्द्र यादव, जनमतका डा. सीके राउत र राष्ट्रिय मुक्ति पार्टीका राजेन्द्र महतो चुनावी मैदानमा छन् । बृषेशचन्द्र लाल नेतृत्वको तराई-मधेश लोकतान्त्रिक पार्टी, हृयदेश त्रिपाठीको जनता प्रगतिशील पार्टी र लोसपा जसपा नेपालमै मिसिएका छन् ।

त्यसो त राउत नेतृत्वको जनमत पार्टी नै फुटेर ५ टुक्रा भएको छ । जनमत पार्टीबाट मधेशका मुख्यमन्त्री बनेका सतिशकुमार सिंहले स्वाभिमान पार्टी, पूर्वप्रवक्ता शरदसिंह यादवले जनअधिकार पार्टी, पूर्वउपाध्यक्ष दीपककुमार साहले सर्वोदय पार्टी र अर्का नेता रियाज अहमद शेषले राष्ट्रिय जनमत पार्टी बनाएका छन् ।

रोचक कुरा - जनमत पार्टीका पूर्वमुख्यमन्त्री सिंह र पूर्वप्रवक्ता यादव डा. सीके राउतसँग एउटै निर्वाचन क्षेत्र सप्तरी-२ बाटै उम्मेदवार बनेका छन् ।

अर्कोतिर उपेन्द्र यादवबाट फुटेका अशोक यादवले जनता लोकतान्त्रिक पार्टी बनाएका छन् । उनी कपिलवस्तु-३ बाट उम्मेदवार छन् ।

अहिले पनि निर्वाचन आयोगमा १ दर्जनभन्दा बढी मधेशकेन्द्रित दलहरू दर्ता छन् ।

तर, निर्वाचनमा सबैले उम्मेदवार दिन सकेका छैनन् । कतिले त आफ्नो पार्टी कायम हुँदै अर्को पार्टीबाट उम्मेदवारी दिएका छन् । नेपाल सद्भावना पार्टीका अध्यक्ष अनिलकुमार झा रौतहट-१ मा नेपाली कांग्रेसबाट उम्मेदवार छन् भने सर्वोदय पार्टीका अध्यक्ष दीपककुमार साह सुनसरी-४ मा राष्ट्रिय स्वतन्त्र पार्टीको उम्मेदवार बनेका छन् ।

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठी नवलपरासी-१ बाट जसपा नेपालका उम्मेदवार छन् । मधेश आन्दोलनका नेता किशोर कुमार विश्वास सुनसरी-३ बाट समावेशी-समाजवादी पार्टी नेपालका उम्मेदवार छन् ।

जसपा अध्यक्ष उपेन्द्र यादव, जनमत अध्यक्ष डा. सीके राउत र राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोको निर्वाचन क्षेत्रको अवस्था धेरैको चासोको विषय बनेको छ ।

**निर्वाचन क्षेत्र परिवर्तन गरिरहने उपेन्द्र**

उपेन्द्र यादव निर्वाचन क्षेत्र फेरिरहने नेतामा पर्दछन् । मधेश आन्दोलनपछि संविधानसभाका दुवै निर्वाचन उनीले सुनसरी-५ र मोरङ-५ बाट लडेका थिए । पहिलो संविधनसभामा दुवै निर्वाचन क्षेत्रबाट जितेका थिए । दोस्रो संविधानसभा निर्वाचनमा भने मोरङ-५ बाट पराजित भए, सुनसरी-५ बाट निर्वाचित भए ।

२०७४ को आम निर्वाचनमा सप्तरी-२ बाट जितेका उपेन्द्र, त्यहीँ २०७९ मा डा. सीके राउतसँग हारे ।

त्यसपछि २०८० को उपनिर्वाचनमा बारा-२ बाट जिते । बारा-२ बाट निर्वाचित रामसहायप्रसाद यादव उपराष्ट्रपति भएपछि यो निर्वाचन क्षेत्र रिक्त भएको थियो ।

यसपटक यादव सप्तरी-३ मा उम्मेदवार छन् । गत निर्वाचनमा यस क्षेत्रमा जसपा, नेपालका उम्मेदवार थिएनन् ।

एमाले र जसपाबीच तालमेल भएको थियो । एमालेको सहयोगका बाबजुद यादव सप्तरी-२ मा हारेका थिए ।

सप्तरी-३ मा भने जसपा, नेपालले एमालेका ताराकान्त चौधरीलाई समर्थन गरेको थियो । तर, चौधरी नेपाली कांग्रेसका दिनेशकुमार यादवसँग पराजित भएका थिए ।

यादवले २६ हजार १ सय ६६ मत प्राप्त गरी विजय हासिल गर्दा चौधरी २२ हजार ३ सय मतमा सीमित भएका थिए । तेस्रो स्थानमा रहेका जनमत पार्टीका अनिश अन्सारीले १५ हजार १ सय १४ मत ल्याएका थिए ।

यसपटक पनि सप्तरी-३ मा नेपाली कांग्रेस दिनेशकुमार यादव र एमालेले ताराकान्त चौधरीलाई नै उम्मेदवार बनाएको छ । जनमत पार्टीले भने उम्मेदवार फेरेको छ- सुरेन्द्र प्रसाद शर्मालाई उभ्याएको छ ।

नेपाली कम्युनिस्ट पार्टीका अरुणकुमार शाह, राष्ट्रिय स्वतन्त्र पार्टीका अमरकान्त चौधरी, श्रम सँस्कृति पार्टीमा जयनारायण मण्डल, उज्यालो नेपाल पार्टीका परमेश्वरलाल शाह, राष्ट्रिय मुक्ति क्रान्ति पार्टीका गजेन्द्रकुमार मण्डल आदि यो निर्वाचन क्षेत्रमा उम्मेदवार छन् ।

नयाँ दलहरूप्रति मतदाता रुझान् कस्तो रहने हो, यसै भन्न सकिने अवस्था छैन ।

पुरानै दलमध्ये नेपाली कांग्रेसका दिनेशकुमार यादव र एमालेका ताराकान्त चौधरीसँग उपेन्द्र यादवले कडा प्रतिस्पर्धा गर्नुपर्ने छ । रास्वपाका अमरकान्त चौधरी पनि प्रतिस्पर्धी उम्मेदवार

- *बाँकी पृष्ठ ३ मा*

## सम्पादकीय............

# सुशासनको निर्णायक छनोट

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन केवल जनप्रतिनिधि चयन गर्ने नियमित प्रक्रिया मात्र होइन यो मुलुकको भविष्यको बाटो कोर्ने गम्भीर र ऐतिहासिक क्षण हो । यस्तो संवेदनशील समयमा नेपाली राजनीति नयाँ र पुरानोको सतही बहसभित्र सीमित हुनु दुर्भाग्यपूर्ण छ। आजको यथार्थमा मुलुकलाई चाहिएको छनोट उमेर, अनुहार वा नाराको होइन, सुशासन दिन सक्ने पात्र र प्रवृत्तिको हो ।

पछिल्ला वर्षहरुमा जनतामा राजनीतिक निराशा गहिरिँदै गएको छ।भ्रष्टाचार,दण्डहीनता,असक्षमता र उत्तरदायित्वहीनताले शासन प्रणालीप्रति नै प्रश्न उठाएका छन् । यही पृष्ठभूमिमा नयाँ भन्ने शब्दलाई समाधानजस्तो प्रस्तुत गर्ने प्रवृत्ति बलियो हुँदै गएको देखिन्छ । तर इतिहासले बारम्बार प्रमाणित गरेको तथ्य के हो भने नयाँ हुनु आफैंमा गुण होइन र पुरानो हुनु मात्रले दोषी ठहरिँदैन । प्रश्न पात्रको जन्ममिति, पार्टीको स्थापना वर्ष या भाषणको आकर्षण होइन कि प्रश्न क्षमता, इमानदारी र प्रतिबद्धताको हो ।

आज देशलाई त्यस्ता नेतृत्वको आवश्यकता छ,जो इमानदार होस्, पारदर्शी होस्,जनताप्रति जवाफदेही होस् र सबैभन्दा महत्वपूर्ण कुरा देशको माटो र जनजीवनसंग गहिरो सम्बन्ध राख्न सकोस् । शासन गर्नु भनेको केवल पद धारण गर्नु होइन, नीति निर्माण गर्ने दूरदृष्टि, संकट सामना गर्ने साहस र जनताको पीडालाई आफ्नै पीडाजस्तै महसुस गर्ने संवेदनशीलता आवश्यक पर्छ ।

मतदाताले अब व्यक्तित्वको बाहिरी चमकभन्दा बाहिर हेर्नुपर्ने समय आएको छ । भाषणको ताली, सामाजिक सञ्जालको लोकप्रियता वा नयाँको लेबलभन्दा माथि उठेर उम्मेदवारको आचरण, विगतको काम, सार्वजनिक जीवनमा देखाएको निष्ठा र स्थानीय स्तरप्रतिको बुझाइलाई मूल्याँकन गर्नुपर्छ । आफ्नै गाउँठाउँ चिनेको, त्यहींका समस्या बुझेको र समाधानका लागि प्रतिबद्ध व्यक्ति नै साँचो अर्थमा जनताको प्रतिनिध बन्न सक्छ ।

सर्वविदितै छ । निर्वाचन लोकतन्त्रको आत्मा हो र मतदान जनताको सबैभन्दा शक्तिशाली अस्त्र । यही अस्त्र प्रयोग गर्दा भावनामा होइन विवेकमा आधारित निर्णय आजको आवश्यकता हो । नयाँ-पुरानो भन्ने मानसिकताको मोह त्यागेर नैतिकवान्, सक्षम र सुशासनप्रति दृढ प्रतिबद्ध पात्र छान्न सकियो भने मात्र लोकतन्त्रले सार्थकता पाउँछ ।

अन्ततः यो निर्वाचन कसैको जित र हारको प्रश्न होइन, यो सुशासनको पक्षमा मुलुक उभिन्छ कि फेरि उही दुष्चक्रमा फस्छ भन्ने निर्णायक घडी यही हो । सचेत छनोट नै समृद्ध र उत्तरदायी नेपालको पहिलो आधार हो ।

## राशिफल

मेष - मुद्दा मामिलामा विजयी हुनेछ ।
वृष - काम बिग्रन सक्छ ।
मिथुन - परिवर्तन गर्न सकिनेछ ।
कर्कट - साथ दिनेहरू बढ्नेछन् ।
सिंह - आत्मीयता बढ्नेछ ।
कन्या - काममा अग्रसर भइनेछ ।
तुला - अभाव देखा पर्न सक्छ ।
वृश्चिक - असमझदारी बढ्न सक्छ ।
धनु - काममा फाइदा हुनेछ ।
मकर - आनन्द प्राप्त हुनेछ ।
कुम्भ - उत्साह जगाउनेछ ।
मिन - काम लिनुपर्ने समय छ ।

डेंगी ज्वरोको संक्रमणबाट बच्ने उपायहरु




रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी

# ‘हेभीवेट’ उम्मेदवारका क्षेत्रमा...

सभापति गगन थापा र रास्वपाका उम्मेदवार अमरेशकुमार सिंह मुख्य प्रतिस्पर्धामा छन् । सो क्षेत्रबाट यसअघि पटक–पटक सिंहले निर्वाचन जित्दै आएका थिए । सर्लाहीबाटै नेपाली कम्युनिस्ट पार्टीका नेता तथा पूर्वगृहमन्त्री नारायणकाजी श्रेष्ठ प्रतिस्पर्धामा छन् ।

चुनौतीपूर्ण जिल्लामा एसएसपी दर्जाका अधिकृतले सुपरभिजन गर्नेबारे छलफल भइरहेको प्रहरी प्रवक्ता (डीआईजी) अबिनारायण काफ्लेले बताए । उनले भने, ‘चुनौतीको विश्लेषण गरेर उच्च दर्जाका अधिकृतले अनुगमन गर्नेबारे योजना बन्दैछ ।’

निर्वाचनको सुरक्षामा डीएसपी र एसपीहरु फिल्डमा परिचालन हुने र त्यसभन्दा माथिका अधिकृतहरुले सुपरभिजन गर्ने काफ्लेले बताए । डीएसपी इन्चार्ज हुने जिल्लामा सुरक्षा थ्रेट देखिएमा एसपी परिचालन गर्ने तयारी भइरहेको छ ।

डीएसीले कमाण्ड गर्ने तर सुरक्षा संवेदनशीलताको दृष्टिले सामान्य देखिएका दुईवटा जिल्ला हेर्नेगरी एसपीलाई सुपरभिजनको जिम्मेवारी दिने प्रहरी प्रधान कार्यालयको तयारी छ ।

सुरक्षा संवेदनशीलताको दृष्टिले दोलखालाई चुनौतीपूर्ण जिल्लामा राखिएको छ । दोलखामा एमालेका केन्द्रीय सदस्य पार्वत गुरुङ, नेपाली कम्युनिस्ट पार्टीका विशाल खड्का र नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीको बिचमा प्रतिस्पर्धा हुँदैछ । यसअघिको निर्वाचनमा बुथकब्जा र झडप हुने इतिहास भएको हुनाले त्यहाँ पनि उच्च तहका प्रहरी अधिकृतले ‘सुपरभिजन’ गर्नेबारे छलफल भइरहेको बागमती प्रदेशका डीआईजी दीपक रेग्मीले बताए । ‘सुरक्षा संवेदनशीलताको आधारमा प्रहरी प्रधान कार्यालयको योजना अनुसार प्रदेशमा पनि सुपरभिजनको योजना बन्छ,’ रेग्मीले भने । बागमतीमा एक एसएसपीले ३ देखि ४ वटा जिल्ला सुपरभिजन गर्नेगरी सुरक्षा योजना तयार गरिएको छ ।

फागुन २१ मा प्रतिनिधिसभातर्फ २७५ सिटमा निर्वाचन हुँदैछ । जसमा १६५ प्रत्यक्ष र ११० सिट समानुपातिक निर्वाचनबाट टुंगो लाग्नेछ । निर्वाचन आयोगले तय गरेको मतदान स्थललाई सुरक्षाको दृष्टिकोणले तीन तहमा वर्गीकरण गरिएको छ । सुरक्षाको दृष्टिले चुनौतीपूर्ण मानिएको मतदान स्थललाई ‘अति संवेदनशील’ वर्गीकरण गरिएको छ ।

केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत एकीकृत सुरक्षा योजना अनुसार निर्वाचन सुरक्षामा ७३ हजार प्रहरी परिचालन गरिने छ । सशस्त्र प्रहरीका ३१ हजार सुरक्षाकर्मी दोस्रो घेरामा खटिनेछन् । एकीकृत निर्वाचन सुरक्षा योजना अनुसार चुनावमा ७९ हजार सेना खटिदैछन् ।

सेना तेस्रो घेरामा परिचालित हुनेछ । निर्वाचनमा सूचना संकलनको जिम्मेवारी सहित राष्ट्रिय अनुसन्धान विभागको २ हजार सुरक्षाकर्मी परिचालन गरिने राष्ट्रिय अनुसन्धान विभागका एक उच्च अधिकृतले बताए ।

केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत एकीकृत सुरक्षा योजना अनुसार मतदानस्थल तथा मतदान केन्द्रको सुरक्षामा निर्वाचन प्रहरी सहित ३ लाख १५ हजार सुरक्षाकर्मी परिचालित हुनेछन् ।

प्रहरीले १ लाख ३३ हजार ९८० जना र सशस्त्रले १५ हजार ११० जना निर्वाचन प्रहरी छनोट गरेर तालिम दिइरहेको छ । रातोपाटी

# किसानबाट चार करोड मूल्य...

करिब ५५ क्विन्टलसम्म धान खरिद गरिएको सहायक प्रबन्धक गङ्गाप्रसाद साहले जानकारी दिए । धानको भुक्तानी भने सरकारले किसानको बैंक खातामै पठाउने व्यवस्था गरेको छ ।

कार्यालयका अनुसार कम्पनीको गोदाम नजिक दुईवटा काँटा राखी बिहान १० बजेदेखि साँझ ५ बजेसम्म किसानले ल्याएको धान खरिद भइरहेको छ । हालसम्म धनुषा र महोत्तरी जिल्लाका २४० जना किसानले स्थानीय तहको सिफारिसमा धान बिक्री गरिसकेका छन् ।

धान बिक्री गर्ने किसानमध्ये धनुषाको लक्ष्मीनिया गाउँपालिका, नगराइन नगरपालिका, क्षिरेश्वरनाथ नगरपालिका तथा महोत्तरीको बलवा नगरपालिकाका किसानको सङ्ख्या बढी रहेको उनले बताए ।

यसवर्ष कार्यालयले १३ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको वरिष्ठ सहायक जयकिशुनप्रसाद चौधरीले जानकारी दिए ।

सरकारले यसवर्ष सोना मन्सुली धानको समर्थन मूल्य प्रतिक्विन्टल तीन हजार ६२८ रुपैयाँ ३३ पैसा तोकेको छ ।

धान खरिदअघि गुणस्तर परीक्षण गर्ने गरिएको र गुणस्तरीय धान मात्र खरिद भइरहेको कार्यालयको गुणस्तर शाखाकी अधिकृत सरला प्रजापतिले जानकारी दिइन् । रासस

# सर्लाहीको हरिवनमा खानेपानीको...

आवश्यक छ । अहिलेलाई पानीको प्रयोगशालाबाट परीक्षण गर्दा खान उपयुक्त देखिएपछि वितरण गरिएको हो ।’’ यसको दिगो व्यवस्थापनको लागि वडा, नगर, प्रदेश र सङ्घ सरकार मातहतका निकायसँग निरन्तर पहल गरिरहेको अध्यक्ष साहले बताए । आयोजनाको लागि कम्पाउण्ड, ओभरहेड ट्याङ्की सहितको संरचना निर्माण नभइ दिगो व्यवस्थापन नहुने उनले सुनाए ।

यस आयोजनाको लागि स्थानीय हरिनारायण ठाकुरबाट दुई कठ्ठा र वडा सदस्य रहनुभएका उदयनारायण ठाकुरबाट एक कठ्ठा गरी तीन कठ्ठा जग्गा प्राप्त भएको वडाध्यक्ष टमबहादुर घिसिङले बताए ।

स्थानीयले बर्सेनि खानेपानीको लागि गरेको लडाइँ र स्थानीयले भोग्नु परेको काकाकुल अवस्था समाधानको लागि वडाले पहल गरेर खानेपानीको व्यवस्थापन गरेको उनको भनाइ छ ।

यसलाई दिगो रुपमा सञ्चालनको लागि आवश्यक भौतिक संरचना लगायतको लागि आफूले निरन्तर पहल गरिरहेको उहाँले दाबी गर्नुभयो ।‘‘स्थानीयले सधैँ पानी खान नपाएको गुनासो गरेपछि वडाको स्थानीय जग्गा दातासँग पहल गरेर प्राप्त जग्गामा ३५ लाख बजेटबाट विद्युत् लाइन विस्तार, ट्रान्समिटर खरिद गरेर जडान गरी ५०० फिट गहिरो डिप बोरिङ गरेर विद्युतीय मोटर जडान गरी तत्काललाई पानी खुवाउने प्रबन्ध गरेको हो ।’’

वडाध्यक्ष घिसिङले भन्नुभयो । उनका अनुसार २०० घर मध्य अहिले सम्म १५५ घरमा धारा जडान गरेर पानी वितरण भइरहेको छ ।

बाँकी परिवार धारा जडानको गर्ने प्रक्रियामा रहेका संस्थाका अध्यक्ष साहले बताए ।

यस आयोजनाबाट हरिवनको भोक्टेनी तथा आसपासका गाउँका स्थानीयलाई पानी खुवाउने योजना रहेको उनको भनाइ छ । रासस

# उपेन्द्र, राजेन्द्र र सीके...

हुनसक्ने ठानिएको छ ।

**पूर्वसहकर्मी नै सीकेको प्रतिस्पर्धी**

सप्तरी–२ मा जनमतका अध्यक्ष डा. सीके राउतको चुनौती भने आफ्नै पूर्वसहकर्मी सतिशकुमार सिंह र शरदसिंह यादवले बढाएका छन् । एमालेका मोहम्मद रहमान, जसपाका उमेश यादव, नेकपाका सूर्यनाथप्रसाद यादव र कांग्रेसका रामकुमार यादव यहाँ परम्परागत दलका प्रतिस्पर्धी उम्मेदवार हुन् । रास्वपाका रामजी यादवलाई पनि प्रतिस्पर्धी मानिएको छ ।

गत निर्वाचनमा यहाँ राउतले दोब्बर बढी मतले उपेन्द्र यादवलाई पराजित गरेका थिए । यादवले १६ हजार ९ सय ७९ मत प्राप्त गर्दा राउतले ३५ हजार ४२ मत प्राप्त गरेका थिए । तेस्रो स्थानमा रहेका लोसपाका जयप्रकाश ठाकुरको ७ हजार ३ सय ४७ मत थियो । चौथों स्थानमा रहेका रास्वपा उम्मेदवार वरुणकुमार झाले भने २८१ मत मात्र प्राप्त गरेका थिए ।

**पुरानै प्रतिस्पर्धी पाएका राजेन्द्र**

राष्ट्रिय मुक्ति पार्टीका राजेन्द्र महतो सर्लाही–२ बाट उम्मेदवार छन् । यहाँ उनले आफ्ना परम्परागत प्रतिस्पर्धी महेन्द्र राय यादवको सामना गर्दै छन् । यादवले यो निर्वाचन क्षेत्रबाट २०५१ यताका सबै जसो निर्वाचन जितेका छन् । उनी कहिले एमाले, कहिले राजपा र कहिले माओवादीबाट निर्वाचित भएका हुन् । यसपटक उनी नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार छन् ।

सर्लाही–२ मा महेन्द्र राय यादवको व्यक्तिगत प्रभाव धेरै बलियो छ । बारम्बार पार्टी फेरेका यादव जुन पार्टीबाट उम्मेदवार बने पनि जित्ने गरेका छन् । गत चुनावमा पनि यादवका निकटतम प्रतिस्पर्धी महतो नै थिए । यादवले २३ हजार ५ सय २९ मत प्राप्त गर्दा महतो २१ हजार ५ सय १८ मतमा समेटिए ।

तेस्रो स्थानमा रहेका एमालेका राजनारायण शाहले १४ हजार ८ सय १९ मत प्राप्त गरेका थिए । पाँचदलीय गठबन्धनको कारण यहाँ नेपाली कांग्रेसको उम्मेदवार भने थिएन ।

यसपटक कांग्रेसबाट डा. सरोजकुमार यादव उम्मेदवार छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको पनि लहर चलेको छ ।

यहाँ रास्वपाका रविन महतो उम्मेदवार छन् । डा. अमरेशकुमार सिंहको प्रवेशपछि सर्लाहीका सबै क्षेत्रमा पहिलेको तुलनामा रास्वपाको लहर बढेको छ । नेपालभ्यूज

# मधेश प्रदेशकै राजधानीमा...

दाउ लगाइरहेका दलहरूले धनुषा–३ लाई प्रतिष्ठाको विषय बनाएका छन् , जहाँ एमालेबाट यसअघिकी विजेता जुलीकुमारी महतो महासेठ नै उम्मेदवार बन्दा कांग्रेसबाट विमलेन्द्र निधि चुनावी मैदानमा छन् ।

रास्वपाबाट प्रवक्ता मनिष झा पहिलो पटक प्रत्यक्ष चुनाव लड्न यही क्षेत्रमा खडा भएका छन् ।

नेपाली कम्युनिस्ट पार्टीबाट रामललित मण्डल, राप्रपाबाट हुसैन कवारी, जनता समाजवादी पार्टीबाट परमेश्वर साह सुडी, जनमत पार्टीबाट गोपालप्रसाद साह, नेपाल जनता पार्टीबाट अमरेन्द्रकुमार झा, श्रम संस्कृति पार्टीबाट सदाम हुसैन, आम जनता पार्टीबाट प्रदीपविक्रम साहसहित कुल ४५ जना उम्मेदवार छन् । उनीहरूमध्ये दलका उम्मेवार १६ जना र बाँकी स्वतन्त्र उम्मेदवार हुन् ।

मुखियापट्टी मुसहरनिया गाउँपालिका, नगराईन नगरपालिका, धनौज गाउँपालिका, विदेह नगरपालिकाको वडा नम्बर ९ र जनकपुर उपमहानगरपालिकाका १–८, १०, १२, १५, १६, २० र २३, २४ र २५ वडाहरू रहेको धनुषा–३ मा १ लाख २५ हजार ९२७ मतदाता छन् ।

२०७९ को निर्वाचनमा कांग्रेस नेता निधि प्रत्यक्ष चुनाव लडेनन् । उनी समानुपातिकबाट प्रतिनिधिसभा पुगेको त्यो निर्वाचनमा धनुषा–३ मा कांग्रेसले समानुपातिकतर्फ सबभन्दा धेरै मत पाएको थियो ।

कांग्रेसले २५ हजार १९५ मत प्राप्त गर्दा एमालेले १७ हजार ८७४, जनमत पार्टीले ८ हजार ८२, जनता समाजवादी पार्टी नेपालले ५ हजार ३१७, लोकतान्त्रिक समाजवादी पार्टी नेपालले ४ हजार ५२०, नेपाल संघीय समाजवादी पार्टीले १ हजार ४८६, राष्ट्रिय प्रजातन्त्र पार्टीले १ हजार ३३१, राष्ट्रिय स्वतन्त्र पार्टीले १ हजार २१९ र तराई मधेस लोकतान्त्रिक पार्टीले समानुपातिकतर्फ १ हजार २११ मत पाएका थिए ।

निकट विगतको चुनावी गणितले पार्टीगत रूपमा कांग्रेसलाई र व्यक्तिगत रूपमा एमालेकी जुली महतोलाई बलियो देखाएको यो क्षेत्रमा यसपटक मुख्य प्रतिस्पर्धी ठानिएका तीन दलका उम्मेदवारहरूका आ–आफ्नै बलिया र कमजोर पक्ष छन् ।

अनुसन्धाता अनुभव अजितका अनुसार यो क्षेत्रमा मात्र नभई देशव्यापी रूपमा बलियो रूपमा स्थापित हुनु, रैथाने हुनु र यसअघिका केही चुनावमा जित हात पार्नु कांग्रेस नेता निधिको सबभन्दा बलियो पक्ष हो ।

‘लामो पृष्ठभूमि, बलियो राजनीतिक इतिहास अनि क्षेत्रमा पनि सबैसँग उत्तिकै सम्बन्धमा रहनु उनको बलियो पक्ष हो ,’ उनले भने , ‘यसबाहेक पार्टी सभापति गगन थापा मधेस झर्दा त्यसले एकखालको ‘वेभ’ ल्याएको देखिन्छ । त्यो पनि उनको सबल पक्ष हो ।’

तर विशेष महाधिवेशनका कारण कांग्रेसभित्र देखिएको संकट, निधि व्यक्तिगत रूपले तल्लो तहका कार्यकर्ताको सहज पहुँचमा नहुनु, सीमित घेराको रिपोर्टिङमा मात्र भर पर्ने कमजोरी उनका कमजोर पक्ष भएको अजितको भनाइ छ ।

‘यहाँ जातीय मतले पनि धेरै ठूलो भूमिका खेल्छ ,’ उनले भने , ‘निधि कायस्थ हुन् । यो क्षेत्रमा कायस्थ मतदाताको संख्या कम छ ।’

जुलीकुमारी महतोका लागि एमालेको बलियो संगठन र पछिल्लो चुनावको जित सबभन्दा बलियो पक्ष रहेको अजितको भनाइ छ । त्यसबाहेक उनले व्यक्तिगत सक्रियताले क्षेत्रभरी बनाएको सम्बन्ध पनि जुलीको बलियो पक्ष हो ।

‘उनी आफैं सुडी समुदायलाई प्रतिनिधित्व गर्ने नेता हुन् । यही समुदायको मत यहाँ सबभन्दा धेरै छ ,’ उनले भने , ‘महिला उम्मेदवारका रूपमा पनि जुलीले महिला मत तान्ने सम्भावना धेरै छ ।’

चुनाव लड्न चाहिने ‘रिसोर्स’ का लागि पनि उनी बलियो उम्मेदवार मानिन्छन् ।

यति बलियो पक्ष हुँदाहुँदै पनि उनका कमजोर पक्ष पनि उत्तिकै छन् ।

पहिलो कुरा त, धनुषाको एमाले पंक्तिमा सधैं महतोका पतिपत्नीले एक–एक वटा क्षेत्र कब्जा गरेको असन्तोष छ । उनका पति रघुवीर महासेठ धनुषा–४ मा उम्मेदवार छन् ।

‘अवसर जति सधैं एकै परिवारलाई भन्ने असन्तोष एमालेभित्र ठूलै आकारमा देखिन्छ ,’ अजितले भने , ‘त्यसबाहेक अध्यक्ष केपी ओली, सचिव महेश बस्नेतले दिइरहने मधेसविरोधी अभिव्यक्तिको सबभन्दा ठूलो असर जुलीले भोगिरहेको देखिन्छ ।’

ओली र बस्नेतले केही दिनअघि बालेन लक्षित अभिव्यक्ति दिएपछि विवादमा परेका थिए । उनीहरूका त्यस्ता अभिव्यक्तिले मधेसका सबै एमाले उम्मेदवारलाई नकारात्मक असर गरिरहेको अजितको भनाइ छ ।

धनुषा–३ मा अर्का प्रतिस्पर्धी अनुहार मानिएका रास्वपा उम्मेदवार मनिष झाका लागि युवा र नयाँ उम्मेदवार हुनु सबभन्दा बलियो पक्ष भएको अजित बताउँछन् ।

रास्वपाले जनकपुरबाट थालनी गरेको चुनावी अभियानमा सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन शाह लगायतको सम्बोधनले रास्वपाको पक्षमा एक किसिमको लहर ल्याएको छ ।

झापा–५ बाट उम्मेदवारी दिएका बालेनलाई भावी प्रधानमन्त्री घोषणा गर्नुले पनि रास्वपा धेरैको आकर्षण केन्द्रमा छ । मनिष झालाई यसको लाभ हुन सक्छ ।

‘यसबाहेक सामाजिक सञ्जालदेखि तथ्यांकमा आधारित भएर रणनीति बनाउने उनको अभ्यासले पनि सहयोग नै गर्ला भन्ने लाग्छ ,’ अजितले भने , ‘तर स्थानीय स्तरमा कम चिनिनु र पार्टीको प्रभाव कमजोर रहनु उनका कमजोर पक्ष हुन् ।’ सेतोपाटी

सूचना, समाचार र मनोरञ्जनका लागि

सामुदायिक रेडियो दर्पण

८८.४ मेगाहर्ज

बिहान ५ बजेदेखि राति ११ बजेसम्म

समाचार, विज्ञापन, सल्लाह

सुझाव र प्रतिक्रियाको लागि

सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी ☎ ९८४३१२२४६

(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

डा. गंगाराम खर्गा

वरिष्ठ डेन्टल सर्जन

BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेट्ने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



हामी कहाँ आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिद्रालु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुन्निने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

जि.प्र.का.महोत्तरी.द.नं. ४२-०७०/७१
जि.हु.का.द.नं. २-०८०/८१
पब्लिक टुडे


# सर्लाहीको हरिवनमा खानेपानीको पहुँच



**सर्लाही, माघ १९ गते ।**
सर्लाहीको हरिवन नगरपालिकास्थित भोक्टेनीमा घरघरमा खानेपानीको धारा जडान भएपछि स्थानीय हर्षित भएका छन् । हरिवन -१, भोक्टेनी क्षेत्रका स्थानीय लामो समयदेखि खानेपानीको समस्या रहेको थियो । अहिले घरघरमा पानीको धारा जडान भएपछि आफूहरूलाई निकै सुविधा भएको हरिवन-१, भोक्टेनीकी कविता कुमारीले बताए ।
उनले भने,“पहिला इनारको पानी खानुपर्थ्यो । त्यो पनि हिउँद लागेपछि विस्तारै पानीको सतह घट्दै जाँदा चैत, वैशाखमा धमिलो पानी खान लडाइँ हुन्थ्यो ।”
हिउँद महिना लागेपछि पानीको लागि दैनिक इनारमा झै-झगडा हुने गरेको सोही स्थानकी कुल्सुम खातुनले बताए । “अहिले घरघरमै धारा झरेको छ । दैनिक बिहान, बेलुका दुई समय पानी आउँछ । निकै सुविधा भएको छ ।” खातुनले सुनाए । आफू विवाह गरेर आउँदा एक गाग्री खानेपानीको लागि गाउँका महिला बालबालिका चुरे फेदीमा झरेको झोरासम्म पुग्नुपर्ने बाध्यता रहेको खातुनले बताए ।
केही समय पहिलासम्म गाउँमा सम्पन्न केहीले खनेको इनारमा पानी झिक्न नपाउँदाको दुःख कविताको मानसपटलमा अहिले पनि ताजै छ । २०० घर धुरीको लागि यस क्षेत्रमा ५२ वटा भन्दा धेरै साना ठूला इनार खनिएको छ । केही वर्षयता उक्त इनारमा पानी भरिन छाडेपछि स्थानीय थप खानेपानी सङ्कटमा परेका हुन । गाउँ नै खानेपानीको चपेटामा परेपछि २०७९ सालदेखि यहाँ खानेपानी योजना सुरु भएको थियो ।
वडा कार्यालयको रु ३५ लाख र मधेस प्रदेशसभा सदस्य जवाहरलाल कुशवाहाको क्षेत्र विकास बजेटबाट छुट्याएको ३७ लाख गरी ७२ लाख लागतमा खानेपानीको व्यवस्था गरिएको अत्रौली खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष मुकेश साहले बताए । तत्काललाई डिप बोरिङबाट पानी निकालेर सिधैं दिनको दुई टाइम उपभोक्ताको धारामा पठाउने गरिएको उनको भनाइ छ ।
“संस्थाको सम्पूर्ण संरचना निर्माणको लागि ठूलो लगानी
*- बाँकी पृष्ठ ३ मा*

# बर्दिबासमा गायक बेलबहादुरको ‘फूल खस्यो’ विमोचन

**रोशन कुमार महतो**
**बर्दिबास, माघ १९ गते ।**
महोत्तरीको बर्दिबासमा गायक बेलबहादुर परियारको नयाँ लोकदोहोरी गीत ‘फूल खस्यो’को म्युजिक भिडियो सार्वजनिक गरिएको छ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जिल्ला कार्यसमिति महोत्तरीको आयोजनामा बर्दिबासस्थित गौतम होटलमा भिडियो विमोचन कार्यक्रम सम्पन्न भएको हो ।
कार्यक्रमका विशेष अतिथि बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले गायक परियारको लामो सांगीतिक योगदानको प्रशंसा गर्दै लोकसंस्कृति संरक्षणमा कलाकारको भूमिका महत्वपूर्ण हुने बताए । उनले बर्दिबास नगरपालिकाका विभिन्न चाडपर्व तथा सांस्कृतिक कार्यक्रमहरूमा बेलबहादुर परियारले दिएको साथ र प्रस्तुतीलाई स्मरण गर्दै, कलाकारलाई प्रोत्साहन गर्न सबैले सहयोग गर्नुपर्ने उल्लेख गरे । साथै, गीत-संगीतलाई व्यवसायिक रूपमा अघि बढाउन एल्बम/भिडियो



किनेर हेर्ने, प्रचार-प्रसार गर्ने र समर्थन गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।
त्यस्तै, कार्यक्रमका प्रमुख अतिथि प्रदेश सभा सदस्य शारदा थापाले लोकसंस्कृति, संस्कार र पहिचान जगेर्नामा यस्ता सिर्जनाहरूको योगदान महत्वपूर्ण हुने बताइन् । उनले बेलबहादुर परियारले विभिन्न कठिनाइका बीच पनि निरन्तर गीत-संगीतमा संघर्ष गर्दै आएको उल्लेख गर्दै स्थानीय तह र प्रदेशले यस्ता प्रतिभाको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने धारणा राखिन् ।
कार्यक्रममा गायक बेलबहादुर परियारले आफ्नो सांगीतिक यात्रा सुनाउँदै सिन्धुली जिल्लाबाट सुरु भएको गीत-संगीतप्रतिको रुचि रेडियो नेपालसम्म पुगेको स्मरण गरे। उनले विगतमा जनवादी गीतदेखि लोकदोहोरीसम्मका विभिन्न सिर्जनामा आवाज दिएको बताए । पछिल्लो समय आफ्नै युट्युब च्यानल (बेल बहादुर परियार आधिकारिक युटयुब च्यानल)बाट गीतहरू सार्वजनिक गर्दै आएको उनले जानकारी दिए ।
परियारले ‘फूल खस्यो’ आफ्नो पाँचौं एल्बम भएको उल्लेख गर्दै गीतको रेकर्डिङ तथा भिडियो निर्माणमा ठूलो खर्च लागेको बताए । कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी, कलाकार, सञ्चारकर्मी, राजनीतिक प्रतिनिधि तथा स्थानीय व्यक्तिहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# ६ महिनामा भित्रियो १० खर्ब ६२ अर्ब रेमिट्यान्स

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, माघ १९ गते ।**
चालु आर्थिक वर्षको ६ महिनामा विप्रेषण आप्रवाह (रेमिट्यान्स) मा उच्च वृद्धि भएको छ ।
नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ को ६ महिनामा विप्रेषण आप्रवाह ३९.१ प्रतिशतले वृद्धि भई १०६२ अर्ब ९३ करोड रुपैयाँ पुगेको हो ।
समीक्षा महिनामा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३२.३ प्रतिशतले वृद्धि भई ७ अर्ब ९० करोड पुगेको छ ।
अघिल्लो वर्ष यस्तो आप्रवाह २.७ प्रतिशतले बढेको थियो ।
चालु आर्थिक वर्षको पुस महिनामा मात्रै विप्रेषण आप्रवाह १९२ अर्ब ६२ करोड रुपैयाँ रहेको छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह १२२ अर्ब ४४ करोड रुपैयाँ रहेको थियो ।
समीक्षा अवधिमा खुद ट्रान्सफर ११६८ अर्ब २ करोड रुपैयाँ पुगेको छ ।
अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ८३३ अर्ब ८६ करोड रुपैयाँ रहेको थियो ।
सेवा खाता अन्तर्गत भ्रमण आयमा पनि सामान्य वृद्धि भएको छ ।
समीक्षा अवधिमा भ्रमण आय ०.८ प्रतिशतले वृद्धि भई ४२ अर्ब २१ करोड रुपैयाँ कायम भएको छ ।
अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ४१ अर्ब ८८ करोड रुपैयाँ रहेको थियो ।
विप्रेषणको आप्रवाह बढ्दा यसले मुलुकको बाह्य क्षेत्र सन्तुलनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

# ‘हेभीवेट’ उम्मेदवारका क्षेत्रमा प्रहरीले उच्च तहका अधिकृत खटाउने

**काठमाडौं, माघ १९ गते ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रहरीले अति संवेदनशील निर्वाचन क्षेत्र भएका जिल्लामा ‘विशेष कमाण्ड’ बनाउने भएको छ। ‘हेभीवेट’ भिडन्त हुने जिल्लाहरुमा प्रहरी वरिष्ठ उपरीक्षकहरूको नेतृत्वमा सुरक्षाकर्मी परिचालन गर्नेगरी प्रहरीले आन्तरिक छलफल गरिरहेको छ ।
आन्तरिक छलफलमा अधिकृतहरुले झापा, सर्लाही र दोलखा जिल्लालाई निर्वाचन सुरक्षाको दृष्टिकोणले ‘थ्रेट’ भएको जिल्लाको रुपमा लिएका छन् । तराई-मधेसका जिल्लाहरूलाई पनि चुनौतीपूर्ण जिल्ला विश्लेषण गरेर त्यहाँ उच्च तहका अधिकृतहरु खटाउनेगरी छलफल भइरहेको प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकृतले बताए ।



सबैभन्दा चुनौतीपूर्ण जिल्लाको रुपमा झापालाई लिइएको छ । झापा क्षेत्र नम्बर ५ बाट नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता तथा काठमाडौं महानगरका पूर्वमेयर बालेन्द्र शाह (बालेन) प्रतिस्पर्धामा छन् । झापाबाटै निवर्तमान सभामुख देवराज घिमिरे र निवर्तमान उपसभामुख इन्दिरा राना मगर उम्मेदवार छन् ।
एमाले र रास्वपाको ठुलो शक्ति संघर्ष हुने आँकलन गरेर झापामा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) को नेतृत्वमा प्रहरी परिचालन गर्नेबारे छलफल भइरहेको ती अधिकृतले बताए ।
त्यस्तै, सर्लाहीमा पनि एसएसपी खटाउने तयारी गरिएको छ । सर्लाही-४ बाट नेपाली कांग्रेसका
*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री